# हिलिहाङ गाउँपालिका

# हिलिहाङ गाउँपालिकाको राजपत्र

खण्ड ५) पाँचथर, प्रदेश नं. १, नेपाल, २०७९/११/१७ (संख्या ६

**भाग–१**

**हिलिहाङ गाउँपालिका**

**गाउँ सभाबाट स्वीकृत मितिः २०७९/११/०५**

**प्रमाणीकरण मितिः २०७९/११/०५**

## हिलिहाङ गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९

खण्ड ५) पाँचथर, प्रदेश नं. १ ,नेपाल, २०७९/११/१७ (संख्या ६

अनुसूची -१

दफा २७ सगँ सम्बन्धित

## शपथको विवरण

यस गाउँपालिका खेलकुद विकास समितिको ...................... म...........................................................ले गाउँपालिकाको क्षेत्र भित्रका खेलकुद विकास तथा समग्र खेलक्षेत्रको विकासमा मेरो ज्ञान, विवेक र सामर्थ्यले भ्याएसम्म निष्ठापूर्वक आफ्नो कार्यकालमा ईमान्दारीतापूर्वक कार्य गर्नेछु। खेल क्षेत्रमा काम कारबाहीको आफ्नो समिति बाहेक अन्यत्र राख्नुपर्ने गोपनियतालाई सुरक्षित राख्नेछु भनी म नैतिक रुपमा सपथ लिन्छु।

| **शपथ ग्रहण गर्नेको** | **शपथ गराउनेको** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |





## हिलिहाङ गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९

**प्रस्तावना:** हिलिहाङ गाउँपालिका क्षेत्र भित्र खेलकुद सञ्चालन, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण,खेलाडीहरुको व्यवसायिक सुरक्षा, वडास्तरीय, गाउँपालिकास्तरीय, प्रदेश, राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा ४ (क) ले दिएको अधिकार कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम हिलिहाङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "**हिलिहाङ गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९**" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**अध्यक्ष**" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठित खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "**उपाध्यक्ष** " भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठित हिलिहाङ गाउँपालिका गाउँ खेलकुद विकास समितिको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "**गाउँपालिका**" भन्नाले हिलिहाङ गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "**खेलकुद सम्बन्धी संस्था**" भन्नाले दफा ११ बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ।

(ङ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) “**पालिका अध्यक्ष** ” भन्नाले हिलिहाङ गाउँपालिकाको अध्यक्षलाई सम्झिनु पर्छ ।

(छ) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले हिलिहाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) “**समिति**” भन्नाले दफा ३ बमोजिम गठित हिलिहाङ गाउँपालिका गाउँ खेलकुद विकास समिति सम्झनु पर्छ।

(झ) “**सदस्य**” भन्नाले दफा ३ बमाजिमको समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(ञ) “**सदस्य–सचिव**” भन्नाले दफा ३ बमोजिम गाउँ खेलकुद विकास समितिको सदस्य–सचिव सम्झनु पर्छ ।

**(ट)** "वडा खेलकुद समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको वडा खेलकुद समिति सम्झनुपर्छ ।

## परिच्छेद-२

## समितिको स्थापना तथा काम कर्तव्य र अधिकार

**३. समितिको स्थापना :** (१) खेलकुदको विकास, विस्तार, प्रवर्द्धन तथा अध्ययन अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि हिलिहाङ गाउँपालिका स्तरीय खेलकुद विकास समितिको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| (ख) खेलकुदको क्षेत्रमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनयन गरेको एकजना- | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक- | सदस्य |
| (ङ) गाउँ कार्यपालिकाका सदस्य मध्येबाट एकजना  महिला सदस्य- | सदस्य |





(२) उप दफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिन भित्र गाउँपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

## परिच्छेद-७

## विविध

**२५. समितिको छाप:** गाउँपालिका खेलकुद विकास समितिको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

**२६. गाउँपालिकाले निर्देशन दिन सक्ने:** (१) गाउँपालिकाले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशन दफा ३ बमोजिम गठित समितिले पालना गर्नु पर्नेछ ।

**२७. सपथ ग्रहण:** दफा ३ को उपदफा (२) बमोजिम गठन भएको समितिका पदाधिकारीहरुले अनुसूची १ बमोजिमको ढाचाँ  अनसुार सपथ ग्रहण लिनु पर्नेछ ।

**२८. नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र संशोधन समेत गर्न सक्नेछ ।

**२९. यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः २०७९/११/०५

आज्ञाले,
प्रकाश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो सूचीकरणबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

**२२. स्वीकृति लिनु पर्ने:** खेलकुद सम्बन्धी संस्थाले जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता तथा सभा सम्मेलनमा राष्ट्रिय स्तरका खेलाडीलाई आमन्त्रण गर्नु परेमा खेलकुद समिति तथा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

**२३. खेलाडीको व्यवसायिक सुरक्षा:** तोकिए बमोजिमको वर्गीकरणका आधारमा खेलाडीको पारिश्रमिक,भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## कसुर तथा सजाय सम्बन्धी

**२४. सजाय र कारबाही :** (१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ: -

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोर्याएमा समिति वा संस्था खारेजी।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुनेगरी मिलेमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा- पाँच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध। गाउँपालिकास्तरको खेलकुद प्रतियोगिताको हकमा– दश हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध।





(च) विभिन्न विधाका खेलकुद विधामध्येबाट एकजना- सदस्य

(छ) जिल्ला तथा राष्ट्रिय खेल जगतमा प्रतिष्ठा हासिल गरेका खेलाडी वा पूर्व खेलाडी मध्येबाट अध्यक्षले मनोनयन गरेको एकजा सदस्य

(ज) पालिकास्तरका क्रियाशील युवा क्लव मध्येबाट सम्बन्धित कमिटीको सिफारिसमा अध्यक्षले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित २ जना- सदस्य

(झ) सामुदायिक माद्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एकजना- सदस्य

(ञ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य-सचिव

(३) समितिको बैठकमा खेलक्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(५) समितिको चल अचल सम्पति गाउँपालिकाको हुनेछ।

(६) खेलकुद विकास समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ।

(७) खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक सल्लाहकार समिति गठन गर्न सकिनेछ।

**४. पदावधि:** (१) मनोनित सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ।

(३) दफा ३ को उपदफा (२) बमोजिम कुनै सदस्यको दफा ५ बमोजिम सदस्यबाट हटाउनु पर्ने भन्ने लागेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन। स्वत: पद रिक्त हुने अवस्थामा भने सुनुवाईको मौका अनिवार्य रहने छैन।

**५. सदस्यको अयोग्यता**: देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा वहाल रहन सक्ने छैन:

(क) गैह्र नेपाली नागरिक,
(ख) एक्काइस वर्ष उमेर पूरा नभएको,
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको।
(घ) मानसिक सन्तुलन गुमेको,

**६. सदस्यता रिक्त हुने अवस्था:** देहायको अवस्थासमा सदस्यता रिक्त भएको मानिनेछ :
(क) दफा ५ बमोजिम सदस्यमा वहाल रहन अयोग्य ठहरिएमा,
(ख) राजिनामा दिएमा,
(ग) मृत्यु भएमा,
(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,
(ङ) दफा ४ को उपदफा (३) बमोजिम कार्यपालिकाले हटाएमा,

**७. अध्यक्षको काम, कर्तव्य र अधिकार:** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने,
(ख) बैठकको अध्यक्षता गर्ने,
(ग) समितिलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,
(घ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,
(ङ) अध्यक्षले वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

**८. समितिको बैठक र निर्णय:** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ।
(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन्।
(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।





**१८. नाम दर्ता सूचीकरण गर्न सक्ने:** (१) दफा १७ बमोजिम नाम दर्ता सूचीकरण गराउनका लागि दरखास्त परेमा समितिले ३० दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सूचीकरण गर्न सक्नेछ।
(२) समितिले उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

**१९. विधान संशोधनको सूचना:** (१) यो ऐन बमोजिम समितिमा नाम दर्ता सूचीकरण भएको खेलकुद सम्बन्धी संस्थाले दफा १७ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरी ३० दिन भित्र सूचना समितिलाई दिनु पर्नेछ।
(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण मनासिव देखिएमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ।

**२०. हिसाबको श्रेस्ता राख्नु पर्ने:** (१) खेलकुद सम्बन्धी संस्थाले राखेको आम्दानी र खर्च हिसाबको श्रेस्ता तोकिएको ढाचाँमा राख्नु पर्नेछ।
(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ गाउँपालिका र दफा ३ बमोजिम गठित समतिले जहिले सुकै गर्न, गराउन सक्नेछ।

**२१. निर्देशन दिने:** (१) समितिले मातहतका खेलकुद सम्बन्धी संस्थालाई खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।
(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा २० बमोजिम समितिले तोकेको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो सूचीकरणबाट कट्टा गर्न सक्नेछ।

**१४. लेखा र लेखापरीक्षण:** (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ । (२) गाउँपालिकाले समितिको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ, र नियमानुसार आर्थिक वर्ष समाप्त भएपछि लेखा परीक्षण गराउनु पर्नेछ।

**१५. सदस्यको भत्ता :** (१) दफा ३ को उपदफा (२) बमोजिम गठित समितिका सदस्यहरूलाई समितिको बैठकमा भाग लिए बापत गाउँपालिकाको नियमानुसार महिनाको एक ओटा बैठक सम्मको बैठक भत्ता पाउनेछन्।

## परिच्छेद-५

## खेलकुद सम्बन्धी संस्था दर्ता

**१६. खेलकुद सम्बन्धी संस्था दर्ता:** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता सूचीकरण समिति मार्फत गाउँपालिकामा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता सूचीकरण अध्यावधिक रहेका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

(३) नियमानुसार दर्ता भएका क्लव,संघ वा संस्थाको नविकरण तोकिए बमोजिम गर्नुपर्ने छ ।

**१७. दर्ताका लागि निवेदन दिनु पर्ने:**

(१) दफा १६ बमोजिम नाम दर्ता सूचीकरण गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुद,

(ग)कार्यकारणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ङ) वार्षिक कार्ययोजना र आयश्रोत,





(४) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष र सदस्य–सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. समितिको काम, कर्तव्य र अधिकार:** दफा ३ को उपदफा (२) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) स्थानीयस्तरमा खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन, संरक्षण तथा विकास गर्ने,

(ख) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय गर्ने,

(ग) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता गर्ने गराउने,

(घ) खेलकुदको विकास र प्रवर्धन, अध्ययन, अनुसन्धान, तथा तालिम लगायतका कार्य गर्ने गराउने तथा अन्तर गाउँपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(ङ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(च) आवश्यकता अनुसार उप–समिति गठन गर्ने,

(छ) जिल्ला तथा राष्ट्रिय स्तरका प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी राष्ट्रियस्तरमा समेत तालिम लिन पठाउने,

(ज) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(झ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने,

(ञ) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने,

(ट) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ठ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्धन गर्ने,

(ड) गाउँपालिका खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

## परिच्छेद-३
## सदस्य-सचिव तथा कर्मचारी सम्बन्धी

**१०. सदस्य-सचिव सम्बन्धी:** (१) समितिको कार्यकारी प्रमुखको रुपमा काम गर्न समितिमा एकजना सदस्य-सचिव रहनेछ।

(२) सदस्य-सचिवको पदमा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख रहनेछ।

**११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने गराउने,

(ख) खेलकुद समिति सम्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिबाट स्वीकृत खेलकुद सम्बन्धी नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) खेलाडीको अभिलेख राख्ने,

(ज) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,





**१२.वडा खेलकुद समिति:** (१) गाउँ खेलकुद विकास समितिको मातहतमा वडास्तरीय खेलकुद विकास समिति रहनेछ।

(२) वडास्तरीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) सम्बन्धित वडाको वडाध्यक्ष — अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य एक जना — सदस्य

(ग) खेलकुद क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य गरेको सम्बन्धित वडाको व्यक्ति एक जना — सदस्य

(घ) खेलकुद सम्बन्धी संघ संस्थाबाट एक जना महिला सहित दुई जना — सदस्य

(ङ) वडा सचिव — सदस्य सचिव

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## समितिको कोष

**१३. समितिको कोष:** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछन्:

(क) नेपाल सरकार, प्रदेश सरकार तथा हिलिहाङ गाउँपालिका बाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिइए बापत प्राप्त शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरेवापत प्राप्त रकम,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(३) समितिको कोषमा रहने रकम बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ।